# उच्च अदालत पाटन, हेटौंडा इजलास

हेटौंडा, मकवानपुर

(प्रशासन शाखा)

☎ : ०५७-५२७१६५/५२३२३१

Email: info.hcihetauda@supremecourt.gov.np

admin.hcihetauda@supremecourt.gov.np


च.नः- ९६

पत्र संख्याः- २०८१/०८२

मितिः- २०८१/०८/०२

ने.स.११४५

विषय : ई.बुलेटिनमा प्रकाशन सम्बन्धमा।

श्री उच्च अदालत पाटन,

हरिहरभवन, ललितपुर

उपर्युक्त सम्बन्धमा यस अदालत र मातहतका चितवन र मकवानपुर जिल्ला अदालतसँग मिति २०८१/०७/३० गते फैसला कार्यान्वयनका सम्बन्धमा भएको छलफल कार्यक्रममा उठेका समस्याका विषयहरु यसै पत्रसाथ राखि पठाइएको छ। प्राप्त भएपछि ई.वुलेटिनमा प्रकाशन गरीदिनु हुन निर्देशानुसार अनुरोध गरिन्छ।

केशरनाथ अर्याल

उप-रजिष्ट्रार

उच्च अदालत, पाटन
हेटौंडा इजलास

<u>छलफल कार्यक्रम सम्पन्न भएको सम्न्धमा।</u>

आज मिति २०८१ साल कार्तिक ३० गतेका दिन ११.०० बजे यस अदालतमा मुख्य भै काम गर्नु हुने माननीय न्यायाधीश श्री यमुना भट्टराई ज्यूको अध्यक्षतामा यस अदालत तथा मातहतमा रहेका चितवन र मकवानपुर जिल्ला अदालतका माननीय जिल्ला न्यायाधीशज्यू, रजिष्ट्रारज्यू,श्रेस्तेदारज्यूहरु, तहसिलदारज्यूहरु समेतको उपस्थितिमा फैसला कार्यान्वयन सम्बन्धमा भएका काम कारवाहीहरुका विषयमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो।

उक्त कार्यक्रममा फैसला कार्यान्वयन सम्बन्धमा रहेका निम्न समस्याहरु र समाधानको उपायका सम्वन्धमा छलफल भएको थियो।

१. चलन चलाउने सम्बन्धमा प्राविधिकको समस्या रहेको।

२. अरौटे म्याद तामेल भई समयमा प्राप्त हुने नगरेको।

३. कम जग्गा जेथा भएकोमा वण्डा गरिएको सम्पति प्रयोगमा नआउने अवस्था रहेको।

४. कसुर जन्य सम्पत्ति व्यवस्थापन सम्बन्धी व्यवाहारिक कठिनाइ रहेको।